हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : १४३ पृष्ठ : ४ २०७७ पुस ०८ गते बुधबार (Wednesday 23 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।

# सिरहा र सप्तरीमा जंगली हात्ती आतंक

- गाउँले त्रसित
- रातभर आगो बालेर पालैपालो जाग्राम





**लहान ।** जंगली हात्तीले तीन साता यता बस्ती प्रवेश गरी सिरहाको उत्तरवर्ती अमही, मोहनपुर र सिराहाको लहानसँगै जोडिएको सुरूङ्गा नगरपालिका-३ र ४ का चुरे वनसँग जोडिएका आधा दर्जनभन्दा बढी गाउँमा क्षति गर्न थालेपछि ती क्षेत्रका बासिन्दा त्रसित छन् ।

तीन साताअघि उदयपुरको चुरे क्षेत्र भएर पाँच वटा संख्यामा जंगली हात्ती प्रवेश गरेको स्थानीयले बताए । हात्तीले ती क्षेत्रका घरमा क्षति पुऱ्याउँदै आएको छ भने घर भत्काएर घरभित्रको अन्नपात नष्ट गरेको छ ।

गाउँमा धनजन सहित मानवीय क्षति हुने त्रासले गाउँलेहरू रातभर आगो बालेर पालैपालो जाग्राम बस्न थालेका छन् ।'त्रासमा रात काटन बाध्य छौं' मधुपट्टीका लक्ष्मी यादवले भने 'रातभर कोही पनि निदाउँदैनन्, युवादेखि वृद्धवृद्धा पालो लगाएर रातभर आगो र टिन ठटयाउदै जाग्राम वस्छन् ।'

'मध्यरातमा आएको हात्तीको समूहले घर भत्काएर गयो' मधुपट्टि गाउँका पीडित यादवले भने 'गाउँलेहरूले आगो बालेर टिन ठटाउँदै भगाएको हात्ती करिब एक घण्टापछि पुनः फर्किएर बोरामा बाँधेर राखेको करिब पाँच क्वीण्टल धान खानुका साथै छरपष्ट गरेर हिंड्यो ।'

बर्सेनि हात्तीको आक्रमणको चपेटामा पर्दै आएका ती क्षेत्रका बासिन्दाले नियन्त्रणका लागि नगरपालिका, वन कार्यालयलाई गुहारेका छन् । तर सुनुवाइ नभएको पीडितहरूले गुनासो गरेका छन् ।

समूहमा रहेका जंगली हात्ती दिनभर जंगल क्षेत्रमा बस्ने र रातपरेपछि गाउँ प्रवेश गरी आतंक मचाउने गरेको पीडितहरूले बताएका छन् ।

सिरहाको लहानसँगै जोडिएको सुरूङ्गा नगरपालिका-३ र ४ का हात्ती पीडितहरूले शुक्रबार अपरान्ह हात्ती आतंक रोक्न पहल नगरेको भन्दै मधुपट्टिको कनकपुरस्थित नगर कार्यपालिका घेराउ गरेका थिए ।

सप्तरीको उत्तर पश्चिम क्षेत्रमा चुरेको काखमा अवस्थित सुरूङ्गा नगरपालिका-३ दौलतपुर र ४ मधुपट्टिका हात्ती पीडितहरूले पछिल्लो तीन हप्तादेखि जंगली हात्तीको समूहले आतंक मच्चाई रहेको भएपनि नगरपालिका मौन रहेको भन्दै घेराउ गरेका हुन् । पछिल्लो पल्ट बिहीबार राती जंगली हात्तीको समूहले मधुपट्टि

————बाँकी २ पेजमा

# सिरहाका विभिन्न स्थानमा विरोध प्रदर्शन

**लहान ।** संघीय संसदको प्रतिनिधिसभा विघटन गरेको विरोधमा तेस्रो दिन सोमबार पनि सिरहाका विभिन्न स्थानमा विरोध प्रदर्शन भएका छन् ।

नेकपा सम्बद्ध विभिन्न जनवर्गीय संगठनका साथै नेपाली कांग्रेस र जनता समाजवादीका कार्यकर्ता मंगलबार पनि विरोध प्रदर्शनमा उत्रिए ।प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधि सभा विघटन सिफारिस असंवैधानिक भएको भन्दै नेता तथा कार्यकर्ताहरूले सिरहाको विभिन्न ग्रामीण बजार क्षेत्र लगायत विभिन्न स्थानमा विरोध प्रदर्शन गरेका हुन ।

लोकतान्त्रिक व्यवस्था नै धरापमा पार्ने प्रधानमन्त्रीको संसद विघटनको प्रस्ताव फिर्ता लिनुपर्ने उनीहरूले माग गरेका छन् । उनीहरूले कालो ब्यानर बोकेर विरोध प्रदर्शन गरेका थिए ।




# क्रिकेट प्रतियोगिता : 'न्युटन' टिम सेमिफाइनल प्रवेश

**फिरोज शेख**



**लहान ।** लहानमा संचालित टि टवान्टी क्रिकेट प्रतियोगिता अन्तर्गत मंगलबार सम्पन्न चौथो खेलमा लहान-३ टिमलाई पराजित गर्दै न्युटन टिम सेमिफाइनलमा प्रवेश गरेको छ । लहान स्पोर्ट्स एकेडमीको आयोजना र लहान नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्षका प्रत्यासी श्याम साह भोरे भोरको टाइटल स्पोनर, चुरिया एग्रोटेक रिसर्च सेन्टर प्रा.लि र क्वालिटी टेलर्स ७ ट्रेडरको सहयोगमामा टि टवान्टी क्रिकेट प्रतियोगिता सञ्चालित छ । प्रतियोगिता

————बाँकी ३ पेजमा



फ्रेन्डस मोडेल हसिपटल, लहान-8
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# लोहान सेन, लहान नपा र डा. तुलसी गिरि

*यो सबैले जन्दछन् कि जस्को जन्म भ एको छ*

## बेला-बखत

फणिन्द्र बहादुर राउत (भोटु बा)



*त्यो मर्छ अवश्य एकदिन , तर जब मर्दछ कोहि : विषमय हुने गर्दछ र दुःख पनि !!!*

सिरहा जिल्लाको पुर्व - उत्तरी सीमामा रहेको डाडा, खपटे डाडामा छाउनी बनाएर राखेका लोहान सेन (*पाल्पाका राजा मुकुन्द सेनले आफ्नो राज्य चार भागमा बाँडेका थिए र कान्छा छोरा लोहान सेनको भागमा मकवानपुर गढी राज्य परेको थियो, वि.सं. १३२६ चैत्र २३ गते उदयसेनले उदयपुर गढिमा राज्यभिषेक गरेका थिए* ) को हात्ती, घोडा, गाई-भैसी, खसि- बाख्रा पाल्न बनाईएको गोठ, लोहान सेनको गोठबाट अपभ्रन्स हुदै लहान गोठ नामाकरण भ एको हो ।

सेन वंशको शासन पाल्पा, मकवानपुर र विजयपुरमा विभजित भ एपछि, पूर्वमा चौदण्डी राज्यको स्थापना हुन गयो र विस्तारै खपटे डाडामा रहेको मानव बस्ती मासिन उजाडिन गयो । तर लोहान सेनको गोठमा मानव बस्ती बाक्लिन पुग्यो ।

पृथ्वी नारायण शाहले चौदण्डी राज्य विजय गरे पछि यो ठाउँ नेपालको नक्सामा समाहित भयो । राणा कालमा यो स्थान जंगल फडानी गरी बनाएको चन्द्र शम्शेरको मौजाको रुपमा रह्यो । वि.सं. १९६८ मा चन्द्र शम्शेरले सिरहा जिल्लाको माडर भन्ने ठाउँमा जंगल फडानी गरी भन्सार कार्यालय स्थापना गरेको र त्यस्को पहिलो ठेकेदार वीपी कोइरालाको पिता कृष्ण प्रसाद कोइराला भ एको तथ्य वीपीको पुस्तक र समिक्षक सी.के.लालको कान्तिपुरमा प्रकासित लेखबाट ज्ञात हुन आउँछ ।

सिरहा जिल्लाको सदरमुकाम सिरहामा चन्द्र शम्शेरले स्थापना गरिदिएको नेपालको पहिलो अंग्रेजी स्कुल चन्द्र मिडील स्कुल नाम परिवर्तन गरी बनाइएको स्कुलको नाम पनि चन्द्र मोहन हाइस्कुल (च मावि) नै रहेको छ । खुट्टी खोलामा बाँध र नहर बनाई आफ्नो मौजाको खेतमा सिँचाइको व्यवस्था पनि चन्द्र शम्शेरले नै गरे ।

उनले आफ्नो नाउँमा नै विभिन्न स्थानको नाम चन्द्रउदयपुर , चन्द्र अयोध्यापुर, चन्द्र गञ्ज (नाम परिवर्तन गरी बनाइएको नयाँ नाम माडर) नामाकरण गरेको पाइन्छ । वि.सं. १९२३ मा जङ्ग बहादुर शिकार खेल्न कमला खोज आउँदा चोहर्वाबाट सिरहा जाने बाटोमा पर्ने स्थान आजको बिसनपुरा नजिकै बाघ मारेको स्थान गिदड्मारा पोखरीको नामले चिनिन्छ ।

त्यसको धेरै बर्ष पछि काठमाडौंबाट बजार बनाउने योजना लिएर आएका गौरी नारायण डिङ्खाले खुट्टिखोला ( लाहान गोठ ) को दक्षिण पट्टी लहान बजार बसालेका हुन जसलाई हिजो-आज पुरानो बजारको नामले चिनिन्छ ।

स्थानिय निकायको गठन सँगै यो ठाउँ लहान गोठ पञ्चायत र बजार बसेको स्थान लहान आदर्श गाउँ पञ्चायतको रुपमा स्थापित हुन गयो । लहान गोठ पञ्चायतको पहिलो प्रधान पञ्च रामेछापबाट भालुभुत्तेको(वन जाँचकि) जागिर गर्न आएर गोपिलाल आचार्यको गोठ (गुहालि) मा बसेका वन जाँच बाजेका छोरा बेद प्रसाद घिमिरे (वेदु बाजे) भ ए । दोस्रो प्रधान पञ्च भारतको बिहार राज्यको छपराबाट बसोबास गर्न आएका बच्चेलाल मण्डलको नाति रामकिशुन मण्डल र तेस्रो प्रधान पञ्च बच्चेलाल मण्डलका जेठो छोरा तथा राम किशुन मण्डलका पिता ज्ञानिलाल मण्डल भ ए । लहान आदर्श गाउँ पञ्चायतको पहिलो प्रधान पञ्च राम लोचन महतो भए । सिरहा जिल्लाको बस्तिपुरबाट बसाइ सरेर जनकपुर ग एका तिने गैरी नारायण डिङ्खाको नाति, मन्दिप गिरिको छोरा तुलसी गिरि वि.सं. २०३२ सालमा प्रधानमन्त्री भएको समयमा लहानगोठ पञ्चायत , लहान

———*बाँकी ४ पेजमा*

# नेकपाको राजनीतिक विभाजन

**शोभा शर्मा**

**मं**गलबार बिहानैदेखि तीव्र रुपमा विकसित घटनामाँझ सत्तारूढ दल नेकपाको राजनीतिक विभाजन पूरा भएको छ । निर्वाचन आयोगमा छुट्टै पार्टी दर्ता नभएकाले औपचारिक रुपमा भने नेकपा फुटेर दुइटा पार्टी बनिसकेका छैनन् । तर अब नेकपा एक पनि छैन ।

नेकपाका बहुमत केन्द्रीय सदस्यहरुको बैठकले मंगलबार दिउँसो प्रधानमन्त्री केपी ओलीलाई अध्यक्षबाट हटाएर माधव नेपाललाई अध्यक्ष नियुक्त गरेको छ । बहुमत सांसदहरुको भेलाले बुधबार ओलीलाई नेकपा संसदीय दलको नेताबाट पनि हटाउने तयारी गरेको छ ।

अर्कोतिर प्रधानमन्त्री ओली कानुनी रुपमा पार्टी र चुनाव चिह्न आफ्नो पक्षमा गर्न अग्रसर छन् । नेकपाको केन्द्रीय समितिमा चरम अल्पमतमा रहेका ओलीले रातारात केन्द्रीय समितिमा पाँच सयभन्दा बढी मानिस थपेका छन् । सरकारी निवास बालुवाटारमा मंगलबार बिहान भएको उनी समर्थित केन्द्रीय समिति सदस्यहरुको भेलामा उनले सोमबारे ५ सय ५६ केन्द्रीय सदस्य थपेको जानकारी दिए । यसलाई आधिकारिकता दिन उनले पुनर्गठित केन्द्रीय सदस्यको नामावली निर्वाचन आयोगमा दर्ता गराएका छन् ।

आयोगले यो नामावलीलाई आधिकारिकता दियो भने प्रधानमन्त्री ओली नेकपाको केन्द्रीय समितिमा रातारात चरम अल्पमतबाट चरम बहुमतमा पुग्नेछन् । त्यसपछि नेकपा पूर्णरुपमा उनको कब्जामा जानेछ । ओलीले त्यसकै लागि प्रयत्न गरिरहेका छन् । तर दुई पार्टी एक भएर नेकपा बन्दाताकाका ४४१ जना केन्द्रीय सदस्यमध्ये ३१५ जनाले भने मंगलबार काठमाडौंमा भएको छुट्टै भेलामा ओलीलाई पार्टी अध्यक्षबाट निष्कासन गर्ने निर्णयमा हस्ताक्षर गरेका छन् । मंगलबार बालुवाटारमा भएको ओली समूहको भेलामा केन्द्रीय समितिका ४४१ मध्ये १ सय २६ सदस्य मात्र उपस्थित थिए ।

आफू अल्पमतमा परेको पार्टीको नाम र चुनाव चिह्न आफ्नो पक्षमा पार्ने उद्देश्यका साथ ओलीले केन्द्रीय सदस्यहरु थपेका हुन् । एक्कासि यति धेरै केन्द्रीय समिति सदस्यहरु थपेको कुरालाई ओलीले बचाउ गरेका छन् ।

'अहिले हामी एउटा विशेष परिस्थिति, विशेष अभिभारा र विशेष अभियानमा भएको हुनाले कमिटीलाई अलि ठूलो बनाउन पनि पर्‍यो,' बालुवाटारमा बिहान आफ्नो निकट केन्द्रीय सदस्यहरुलाई सम्बोधन गर्दै उनले भने, 'एकथरी मानिसहरु विभाजनका लागि उद्दत छन् । त्यस कुरालाई पनि ध्यानमा राख्नु पर्‍यो । विभाजित भएर, छुट्टिएरै त्यस स्थितिमा पनि हामीले आन्दोलनलाई कमोजर हुन नदिने गरी निर्णय गर्नु पर्‍यो ।'

नेकपा अर्को अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बालुवाटारमा भएको भेला र ओलीले ५ सय ५६ जना केन्द्रीय समिति सदस्य थपेको कुरालाई 'नौटंकी' भनेका छन् । 'मंगलबार बिहान बालुवाटारमा जे भयो, नौटंकी हो । एक'तिहाइभन्दा कम सदस्य उपस्थित भई दुई-तिहाइभन्दा बढी सदस्य थपेर निर्वाचन



आयोगमा बुझाउनु नौटंकी बाहेक केही होइन । यो नौटंकीलाई निर्वाचन आयोग जस्ता वैधानिक संस्थाले मान्यता दिनै सक्दैनन्,' उनले भने ।

प्रचण्डले आफूकहाँ ६५ प्रतिशत केन्द्रीय सदस्य रहेको दाबी गर्दै संविधान, नियम, कानुनअनुसार यो नै वैधानिक नेकपा भएको बताए । प्रचण्ड-नेपाल समूहका सांसद कृष्णभक्त पोखरेलले पनि केपी ओलीले गरेको समिति विस्तार निर्णय वैधानिक नभएको जिकिर गरे ।

'आजसम्म नेकपाको केन्द्रीय समितिमा ४ सय ४१ सदस्य छन् भनेर निर्वाचन आयोगमा दर्ता छ । तीमध्ये बहुमत जुन समूहमा छ, त्यसले गरेको निर्णय वैधानिक हुन्छ । त्यही मान्यता हुन्छ,' उनले भने, 'सहमतिबिना एउटा अध्यक्षले, त्यसमाथि अल्पमत भएको अध्यक्षले निर्णय गर्ने अधिकार विधानमा छैन । कमिटी चल्ने प्रणालीमा बहुमतले पो निर्णय गर्छ । उहाँहरुले बहुमत पुर्‍याएर पो निर्णय गर्न पर्‍यो ।'

ओलीले भने अहिलेका सबै कमिटी संक्रमणकालीन भएको भन्दै यसअघिका समिति पनि यसरी नै मनोनयन मार्फत बनाइएको र बनिसकेपछि आफैले अनुमोदन गरेको जिकिर गरेका छन् । 'अहिले केन्द्रीय समितिमा एक हजार ३ सदस्य मौजुदा छौं । पहिलेका कमिटी पनि यसरी नै बनेका थिए । ती पनि बनिसकेपछि अनुमोदन गरिएको हो,' उनले मंगलबार बालुवाटार बैठकमा भने, 'अहिलेसम्म बनेका कमिटी पनि संक्रमणकालीन हुन् । तिनका काम एकीकरण पूरा गरेर दुई वर्षभित्र महाधिवेशन सम्पन्न गर्ने भनेर तोकिएको थियो ।

त्यो कुरा विधानमा पनि उल्लेख छ । जुन अभिभारा पूरा गर्न पहिलेको संख्यावाला केन्द्रीय कमिटीबाट सम्भव देखिएन । अध्यक्षका हिसाबले पार्टीलाई असफल हुन नदिनु मेरो कर्तव्य हो । त्यसैले सदस्य थपेको छु ।'

यसरी एकलौटी केन्द्रीय सदस्य थपेर पार्टी र चुनाव चिह्न आफ्नो पोल्टोमा पार्न ओली अग्रसर भएपछि यो विषय निर्वाचन आयोग पुगेको छ । ओलीलाई पार्टी अध्यक्षबाट हटाउने निर्णय र आफूहरु नै आधिकारिक नेकपा रहेको दाबीसहित प्रचण्ड-नेपाल पक्ष पनि बुधबार निर्वाचन आयोग पुग्ने तयारीमा छन् ।

निर्वाचन आयोगले के र कहिलेसम्म निर्णय गर्छ, यकिन छैन । आयोगले जसको पक्षमा निर्णय गरे पनि अर्को पक्ष सर्वोच्च अदालत जानेछ ।

प्रधानमन्त्री ओलीको संसद विघटनको निर्णयबारे सर्वोच्च अदालतमा मुद्दा परिसकेको छ । कसको नेतृत्वको केन्द्रीय समिति आधिकारिक भन्ने निर्णय पनि अन्ततः सर्वोच्च अदालतले नै गर्नुपर्नेछ ।*सेतोपाटीबाट*

## सिरहा ...

गाउँका दिपेन्द्र राम, महेन्द्र राम, रामअशिष राम, पार्वती राम, गुन्देश्वर राम र सलेन्द्र रामको घर भत्काउनुका साथै घरमा राखिएको अन्नपात खाइदिएको वडा सदस्य देवलाल रामले बताए ।

बस्तीका अर्का पीडित रामअशिष रामले भने 'हात्तीले घर भत्काएपछि चिसोमा जहान बालबच्चाको ज्यान जोगाउनै मुस्किल पर्नेभयो ।' हात्ती पीडितहरूले शुक्रबार अपरान्ह करिब दुई घण्टा नगर कार्यपालिका घेराउ गरेपछि नगर प्रमुख मुक्तिनाथ चौधरीले हात्ती आतंक विरुद्ध नगरपालिकाले हात्ती नियन्त्रणका लागि नगरपालिकाको केही अधिकार नभएको र नगरपालिकाको तर्फबाट तत्काल राहत उपलब्ध गराउन बाहेक केही गर्न नसकिने बताए । 'प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका प्रहरी उपरीक्षक, डिभिजन वन प्रमुखसहितको टोलीले चार दिनअघि प्रभावित बस्तीको स्थलगत अनुगमन गर्‍यो' नगर प्रमुख चौधरीले भने 'जिल्लाका प्रमुखहरूले नै आफ्नो ज्यान आफै जोगाउनुस् तर संरक्षित जनावर हात्तीलाई केही हुनु हुँदैन भनेपछि मैले के गर्न सक्छु ?' नगर प्रमुख चौधरीले जंगली हात्तीबाट जोगिन आलोपालो जाग्राम बसेर पहरा दिन सुझाएको बताए । त्यसअघि जंगली हात्तीको समूह देखेर भाग्ने क्रममा घाइते भएका सुरुङ्गा नगरपालिका-३ दौलतपुर गाउँका एक बृद्धको सोमबार बिहान उपचारको क्रममा मृत्यु भएको थियो । आफ्नै घरमा सुतेका करिब ७० वर्षीय सीताराम साह बिहान करिब ३ बजेतर पिसाव गरेर उठ्ने क्रममा नजिकै हात्तीको समूह देखेपछि भाग्ने क्रममा घाइते भएका थिए । घरका अन्य सदस्यहरूले थाहा पाए लगत्तै लहानस्थित सप्तऋषि अस्पतालमा उपचारार्थ भर्ना गरिएका साहको उपचारको क्रममा मृत्यु भएको थियो । मंसिरको दोस्रो सातादेखि मानव बस्ती नजिकै पर्ने चुरे जंगलबाट

———*बाँकी ३ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आफूलाई कमजोर भएको अनुभूति हुनेछ । मन खिन्न हुने स्थिति आउनेछ । शरीर भारि र मन अस्थिर रहने संकेत देखिन्छ । खर्चिलो यात्रा रहला ।

**वृष** :- चिताएको कामले तीव्रता लिनेछ । कला,साहित्यमा रूचि बढ्नेछ । बैदेशिक कार्य अघी बढ्नेछ । घर ,जग्गाको कारोबारमा सफलता मिल्नेछ ।

**मिथुन**:- पारिवारिक जमघटमा मन रमाउनेछ । मन पर्ने वस्त्र, अलंकार आदि उपहार पाइने योग छ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**कर्कट** :- रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह**:- स्वास्थ्यमा समस्या आउनेछ । सहकर्मीबाट विरोध आउला । गरेका काममा ढिलासुस्ती हुनेछ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**कन्या** :- श्रमको उचित मुल्यांकन हुनेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला ।

**तुला** :- छोटो दुरीको लाभदायक यात्रा रहला । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । भूमिबाट लाभ रहला ।

**वृश्चिक** :- राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । घरमा अतिथीको आगमन हुनेछ ।

**धनु** :- शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । पार्टी तथा सेमिनारमा सहभागी भईएला । जोश जाँगर र हिम्मत वढ्नेछ ।

**मकर**:- ठीक समयमा सही निर्णय लिन सकिनेछ । महत्वपूर्ण कामको थालनी हुनेछ । समाजसेवामा मन लाग्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ ।

**कुम्भ**:- वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । साथीभाईसंग समय बित्नेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**मिन** :- रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ ।

## सिरहा ...

गाउँ पसेको पाँचवटा जंगली हात्तीको समूहले सप्तरीको पश्चिम उत्तरवर्ती पछिल्लो सप्तरीको उत्तर पश्चिमी भेगमा पर्ने सुरुङ्गाको श्रीपुर, खोरिया टोल, लक्ष्मीपुर, दौलतपुर, कडहर्वा, चहका, विषनरिया लगायतका गाउँमा जंगली हात्तीको समूहले घर भत्काईदिने, अन्नपात खाइदिन थालेपछि स्थानीय आतंकित बनेका छन् । लहान नगरपालिका–१५ ढोढना मोहनपुर गाउँमा बुधबार राती जंगली हात्तीको समूले स्थानीय आधा दर्जन जनाको घर भत्काएर अन्नपात खाइदिएको वडाध्यक्ष तेजनारायण चौधरीले बताए । त्यसअघि गत २५ मंसिरको राती ९ बजेतिर सुरुङ्गा १ चहका गाउँमा मुसहर बस्तीको १८ घर भत्काउनुका साथै अन्नपात खाइदिएको थियो । सिराहा सप्तरीको उत्तरी क्षेत्रमा प्रायः हरेक हिउँदमा पूर्वी भेगबाट चुरे जंगल हुँदै आउने जंगली हात्तीको समूहले स्थानीय बासिन्दाको घर भत्काईदिने, बालीनाली खाइदिने गरेको छ । सप्तरीको राजविराजस्थित डिभिजन वन कार्यालयका वन अधिकृत सन्तोष झाले हात्तीको आक्रमणबाट जोगिन सजग रहनुको बिकल्प नरहेको बताए । 'संरक्षित जनावर हो, केही गर्न मिल्दैन, यद्यापि मानवीय क्षति हुन नदिन स्थानीय प्रशासन, वन र प्रहरीको टोलीले प्रभावित बस्तीहरूमा पुगेर सजग गराइरहेका छौं वन अधिकृत झाले भने ।

## क्रिकेट ...

अन्तर्गत न्युटन टिम लहान र लहान–३ बीच मंगलबार चौथो खेल सम्पन्न भएको हो । टस जितेर पहिला ब्याटिंग गरेको न्युटनले निर्धारित २० ओभर खेल्दै ८ विकेटको क्षतिमा सुमित चन्द्रदेवको १६ बलमा २० रन, रबिन गुप्ताको १७ बलमा १८ रन, तरपेश्वर मुखियाको २९ बलमा २० रन, सुरज यादवको १९ बलमा २१ रन, राम आशिष मण्डलको १५ बलमा १६ रन नटआउट र गौरव पर्साइलाको नटआउट ७ बलमा १३ रनको मद्दतले १३६ रनको उत्कृष्ट योगफल तयार गर्न सफल भएको थियो । बलिङ् तर्फ लहान–३ का मंगल साह ४ ओभर ३४ रन १ विकेट, शैलेन्द्र यादव ४ ओभर ३० रन १ विकेट, मकबुल अन्सारी ४ ओभर ३१ रन २ विकेट, अभिषेक यादव ४ ओभर २४ रन २ विकेट र ललित रजकले ४ ओभरमा १७ रन खर्चेर १ विकेट लिन सफल भएका थिए । १३७ रनको विजय लक्ष्य सहित मैदानमा ओर्लिएको लहान–३ ले कमजोर प्रदर्शन गर्दै मात्र १३ ओभर २ बलमा सबै विकेट गुमाई ५५ रनमा समेटिदा न्युटन ७१ रनको फराकिलो अन्तरले विजयी भएको हो । लहान–३ का आभाष यादवले २४ बलको सामना गर्दै १५ रन बनाउनु बाहेक न्युटनको घातक र कसिलो बलिङ्का अगाडि सस्तैमा आउट हुदै मात्र ५५ रनमा सीमित हुनपुगेको थियो ।

लहान–३ लाई सजिलैं अलआउट गर्न न्युटनका लागि पार्थिव प्रसाद यादव २ ओभर १४ रन १ विकेट ,रबिन गुप्ता ४ ओभर १८ रन ३ विकेट ,कुश मण्डल ३ ओभर ११ रन २ विकेट र सुरज यादवले २ ओभर २ बल बलिङ् गर्दै ९ रन खर्चेर ३ विकेट लिन सफल भएका थिए । न्युटनका लागि २ ओभर २ बलमा ३ विकेट र १९ बलमा २१ रनको योगदान दिएका सुरज यादवलाई 'म्यान अफ द म्याच'को उपाधिले सम्मानित गरिएको क्रिकेटर राकेश कामैतले जानकारी दिए । प्रतियोगिता अन्तर्गत पहिलो सेमिफाइनल खेल बुधबार दिनको १२ बजे देखि न्युटन लहान टिम र इनर्वा टिम बीच हुने आयोजकले जनाएको छ ।


## भावपूर्ण श्रद्धाञ्जली



**जन्म :** २०११।०१।१०

**स्व. लक्ष्मी राई**

**स्वर्गारोहण :** २०७७।०६।१४

स्वर्गवासी मामा पूर्व उपसभापति श्री शुभलाल राईज्यूको निधनले नितान्त अल्प ३४ दिनहरुमा नै शोक विहवल भई हाम्रा प्रातः दयालु, सहयोगी माईजु **श्री लक्ष्मी राई ज्यूको** ६६ बर्षकै आयुमा देहाबसन भएको खबरले हामी सम्पूर्ण परिवारका सदस्यहरु अत्यन्तै मर्माहित र स्तब्ध भएका छौं । स्वर्गबासी मामालाई जनता जनार्दनमा लोकप्रिय बनाउने श्रेयको उदगम विन्दु उहाँ नै हुनुहुन्थ्यो ।

यस दुखःद घडिमा शोक सन्तप्त परिवारका सदस्यहरु प्रति धैर्य धारणको अपूर्व शक्ति मिलोस् भनि श्री पशुपतिनाथसँग प्रार्थना गर्दछौं । फेरि पनि यस लोकमा यही साईनोमा जन्म लिउन भनी इश्वरसँग इच्छा जाहेर गर्दछौं ।

**भान्जा**

पूर्व क्याम्पस प्रमुख, रा.रा.ता.ज.व. डिग्री कलेज गोलबजार
तथा सम्पूर्ण भान्जा, भान्जी, नाति, नातिनीहरु ।
गोलबजार


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

### शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# भोजनको बर्गिकरण र मात्रा



शरीरलाई शक्ति प्रदान गर्न, शरीरलाई चलायमान बनाउन, शरीरलाई निरोगी तुल्याउन हामीले बाहिरी स्रोतबाट खानापान ग्रहण गर्नुपर्छ । हामी हिँड्छौ, बस्छौ, उफ्रन्छौ, खेल्छौ, काम गर्छौं । यस अवस्थामा शरीरलाई चाहिने आवश्यक उर्जा खानपानबाटै प्राप्त हुन्छ । हाम्रो शारीरिक अवयव पनि कमजोर हुन्छ, त्यसमा क्षति पुग्छ । अतः त्यसको क्षतिपूर्तिका लागि पनि भोजन आवश्यक छ । संक्षेपमा भोजनले निम्न काम गर्छ ।

**भोजन वर्गिकरण**

भोजनबाट प्राप्त पोषक तत्वको कार्यको आधारमा तीन भागमा बाढ्न सकिन्छ ।

एक, शारीरिक विकास, बृद्धि एवं जैविक कार्यका लागि उर्जा प्रदान गर्ने पदार्थ

दुई, शरीर निर्माण गर्ने पोषक तत्व

तीन, स्वास्थ्य रक्षा गर्ने पदार्थ

**सन्तुलित आहारको विभिन्नता**

विभिन्न व्यक्तिको अनेक कार्य अनुसार भोजनमा विभिन्न पौष्टिक तत्व भिन्न भिन्न मात्रामा आवश्यक हुन्छ ।

**उमेर–** बाल्यवस्थामा जब शरीर विकसिकत हुन्छ तब बालकलाई वोसो र प्रोटिन अधिक मात्रामा चाहिन्छ । वृद्धावस्थामा पाचनशक्ति दुर्बल हुन्छ, तब यी तत्वको आवश्यक्ता कम हुँदै जान्छ ।

**जलवायु–** शीतप्रधान देशमा ग्रीष्मा प्रधान देशको अपेक्षा तापको अधिक उपयोग हुन्छ । अतः शीत प्रदान देशमा अपेक्षाकृति अधिक भोजनको आवश्यक्ता हुन्छ ।

**लिंग–** पुरूषको अपेक्षा महिलाको लागि भोजनको मात्रा अलि कम आवश्यक हुन्छ ।

**परिश्रम–** शारीरिक परिश्रम गर्ने व्यक्तिको शरीरमा अधिक उर्जा वा उष्णता ह्रास हुन्छ । त्यसको पूर्तिका लागि अधिक भोजन चाहिन्छ ।

यी भए खानपानबारे आधारभूत कुरा । खाना किन खाने, कति खाने, कसरी खाने भन्ने कुरा हाम्रो शारीरिक अवस्थाले पनि निर्धारण गर्छ । यद्यपी हामीले त्यती नै खाना खानुपर्छ, जति शरीरलाई आवश्यक छ । हामीले त्यसरी नै खाना खानुपर्छ, जसलाई सहज रूपमा पचाउन सकिन्छ ।

**खानपान सूत्र**

१. ताजा, पोषिलो, सन्तुलित र सुपाच्य खानेकुरा सेवन गरौ ।

२. संभव भएसम्म आफैले पकाएको खानेकुरा सेवन गरौं । कम्तीमा आˆ नै घरमा पकाएको सेवन गरौ ।

३. दिनभरमा कम्तीमा चार/पाँच पटक खानेकुरा सेवन गरौं । धेरै पटक तर थोरै थोरै मात्रामा खानेकुरा सेवन गर्दा पाचन यन्त्रलाई सहज हुन्छ ।

४. दिनभरको खानामा विविधता पस्कने प्रयास गरौ । सन्तुलित भोजना ग्रहण गरौ ।

५. विहान नास्ता अनिवार्य गरौं । साँझ सूर्योअस्तपछि धेरै खानपान नगरौ ।

६. मौसमी र प्राकृतिक खानेकुरामा जोड दिनुपर्छ ।

*अनलाईनखबरबाट*

# सुखीपुर नगरपालिका कार्यालयमा कुकर बम

लहान । सिरहाको सुखीपुर नगरपालिकाको कार्यालयमा मंगलबार विहान कुकर बम फेला परेको छ । कार्यालय सरसफाइ गर्ने क्रममा कर्मचारीले बम देखेपछि प्रहरीलाई खबर गरेका थिए । सुखीपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षको गेट नजिकै कुकर बम फेला परेको प्रहरीले जनाएको छ ।

तीन लिटरको कुकरमा विस्फोटक राखिएको छ भने माथि एउटा मोबाइल राखेर कनेक्ट गरिएको अनुमान गरिएको छ । बम फेला पछि कार्यालय सील गरिएको थियो ।

# लोहान सेन ...

आदर्श गाउँ पञ्चायत , मटियर्वा गाउँ पञ्चायत र पडरिया गाउँ पञ्चायतको केही भु–भाग गाँभेर १० वटा वडा भ एको नगरपालिका बनाइ दिएका हुन ।

हुन त तुलसी गिरिले वि.सं.२०१९ मा मन्त्रीपरिषदको अध्यक्ष हुँदा सुरज शम्शेर राणा (तत्कालीन अञ्चलाधिस, मोहन शम्शेरको जेठान ), पारसमणि प्रधान र म फणिन्द्र बहादुर राउत (भोटू राउत ) लाई जंगल फडानी गराउने र वर्मा ( आसामबाट आएका नेपालीलाई बसोबास गराउन जिम्मा दिएका थिए र आजको नारायणघाट बजार स्थापना गराएका थिए । तुलसि गिरिले नगरपालिकामा चाहिने आवश्यक पुर्वाधारहरू डिजेलबाट बल्ने बत्ति, पक्कि सडक आदिको समुचित व्यवस्था पनि लहानमा गरिदिएका थिए । लहान नपाको पहिलो प्रधान पञ्च र उप प्रधानपञ्च पनि खुटौनाबाट आइ बसोबास गरेका राम लोचन महतो र वारिक अहमद (इराकी)लाई नै बनाइ दिएका हुन । *क्रमश :*

## अर्नमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**अर्नमा,सिरहा**
**प्रदेश नं.२,नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**श्री यो जो जससँग सम्बन्ध राख्दछ ।** **मिति :२०७७।०९।०६ गते**

उपर्यूक्त सम्बन्धमा जिल्ला सिरहा अर्नमा गाउँपालिका अन्तर्गत रहेको तपसिल प्रयोजनको लागि पायक पर्ने स्थानमा जग्गाको अति आवश्यक भएकोले जग्गा दान गर्न चाहने इच्छुक नेपाली नागरिकले १५ दिन भित्र जग्गा उपलब्ध गराउन निवेदन साथ यस कार्यालयलाई जानकारी गराउन हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल :**

१. ईलाका प्रहरी कार्यालय अर्नमा–३ को भवन निर्माण
२. गाउँपालिकाको कार्यालयको लागि
३. अर्नमा गाउँपालिकाको–२ नं.वडा कार्यालयको भवन निर्माण

प्रमुख प्रशासकिय अधिकृत




## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)